# शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन सम्बन्धी कार्यविधि, २०८०

नगर कार्यपालिकाबाट स्वीकृत मितिः२०८०/१२/२०

**प्रस्तावना :**

जनसाङ्ख्यिक संरचनामा आएको परिवर्तन, तीव्र सहरीकरण, सडक सञ्जालको विस्तार आदिका कारण कतिपय विद्यालयमा विद्यार्थी संख्या घट्दै गएकाले सो अनुसार विद्यालयमा पूर्वाधार विकास, शिक्षक दरबन्दी मिलान, सिकाइ वातावरणको सुनिश्चितता गर्दै धुनिवेशी नगरपालिकाभित्रका सबै बालबालिकाहरुलाई अनिवार्य तथा निःशुल्क गुणस्तरीय शिक्षा प्रदान गरी प्रारम्भिक बालविकास केन्द्रदेखि माध्यमिक तहसम्मको विद्यालय शिक्षामा बालवालिकाको समतामूलक पहुँच सुनिश्चित गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ र धुनिवेशी नगर शिक्षा ऐन, २०८० को दफा ४८ र ४९ को अधिकार प्रयोग गरी धुनिवेशी नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ।

## परिच्छेद- १
## संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "धुनिवेशी नगरपालिका शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजनसम्बन्धी कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनु पर्छ ।

(ख) "आधारभूत विद्यालय" भन्नाले कक्षा आठसम्मको शिक्षा दिने विद्यालय सम्झनु पर्छ ।

(ग) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बालविकास शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(घ) "आवासीय विद्यालय" भन्नाले संघीय सरकार वा प्रदेश सरकार वा धुनिवेशी नगरपालिकाबाट आवासीय विद्यालयको रुपमा अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ङ) "ऐन" भन्नाले धुनिवेशी नगरपालिकाको शिक्षा ऐनलाई सम्झनु पर्छ ।

(च) "कार्यक्रम" भन्नाले धुनिवेशी नगरपालिकाभित्र सञ्चालित अनुमति वा स्वीकृति प्राप्त विद्यालयहरुको भौगोलिक विकटता, विद्यार्थी संख्या, शिक्षक संख्या, भौतिक साधनस्रोत,

सेवाक्षेत्रको जनसंख्या, सडकको पहुँच, शैक्षिक उपलब्धी र शिक्षामा बालबालिकाको समतामूलक सहज पहुँचको अवस्थाको विश्लेषण र अध्ययन गरी दुई वा दुई भन्दा बढी विद्यालयको समायोजन, एकीकरण, तह वा कक्षा घटाउने वा गाभ्ने वा थप्ने कार्य गरी विद्यालयहरु तथा शिक्षकको व्यवस्थापन गर्ने कार्यक्रम सम्झनु पर्छ ।

(छ) "कार्यपालिका" भन्नाले धुनिवेशी नगरपालिकाको नगरकार्यपालिका सम्झनु पर्छ ।

(ज) "केन्द्र" भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्झनु पर्छ ।

(झ) " शिक्षक दरबन्दी " भन्नाले सामुदायिक विद्यालयमा संघीय, प्रदेश र स्थानीय सरकारबाट प्राप्त भएको स्वीकृत शिक्षक दरबन्दी सम्झनु पर्दछ र सो शब्दले राहत र अनुदान समेतलाई जनाउँदछ ।

(ञ) " दरबन्दी मिलान " भन्नाले विद्यालय समायोजन भई सकेपछि वा समायोजन नहुदै विद्यार्थी संख्या, तह, कक्षा र शिक्षण विषयको आधारमा शिक्षक दरबन्दी पुनः वितरण गर्ने कार्यलाई बुझिन्छ ।

(ट) "नगरपालिका" भन्नाले धुनिवेशी नगरपालिका सम्झनु पर्छ ।

(ठ) "नगर सभा" भन्नाले धुनिवेशी नगरपालिकाको नगरसभा सम्झनु पर्छ ।

(ड) "नगर प्रमुख" भन्नाले धुनिवेशी नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(ढ) "नगर उपप्रमुख" भन्नाले धुनिवेशी नगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्छ ।

(ण) "प्रधानाध्यापक" भन्नाले विद्यालयको प्राज्ञिक एवम् प्रशासनिक प्रमुखको रुपमा नियमानुसार नियुक्ति भएको विद्यालयको शिक्षकलाई सम्झनु पर्छ ।

(त) "प्रदेश मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकारको शिक्षा हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(थ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले धुनिवेशी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(द) "प्रारम्भिक बाल विकास शिक्षा" भन्नाले पाँचवर्ष उमेर पूरा नगरेका बालबालिकालाई दिइने शिक्षा सम्झनु पर्छ ।

(ध) "प्राविधिक तथा व्यवसायिक शिक्षा" भन्नाले प्राविधिक तथा व्यवसायिक ज्ञान, सीप र अभिवृद्धिसँग सम्बन्धित विषयवस्तु सिकाइको व्यवस्था गरी प्रविधि र व्यवसायिक शिक्षा प्रदान गर्न कक्षा नौदेखि कक्षा १२ सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(न) "मन्त्रालय" भन्नाले संघीय सरकारको शिक्षा हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(प) "माध्यमिक विद्यालय" भन्नाले कक्षा ९देखि पठनपाठन हुने कक्षा १२ सम्मको पठनपाठन हुने विद्यालय सम्झनु पर्छ ।

(फ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौदेखि कक्षा १२ सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ब) "विद्यालय" भन्नाले प्रचलित कानूनबमोजिम अनुमति वा स्वीकृति प्राप्त सामुदायिक वा सार्वजनिक वा संस्थागत विद्यालय सम्झनु पर्छ ।

(भ) "विद्यालय व्यवस्थापन समिति" भन्नाले धुनिवेशी नगरपालिकाको नगर शिक्षा ऐन बमोजिम गठित विद्यालयको व्यवस्थापन समिति सम्झनु पर्छ ।

(म) "विद्यालय समायोजन एवम् एकीकरण" भन्नाले भौगोलिक दूरीका कारण शिक्षामा बालबालिकाको पहुँच कम हुन नदिई प्रत्येक व्यक्तिले प्रचलित कानून बमोजिम अनिवार्य तथा निःशुल्क शिक्षा पाउने हकको सुनिश्चितता गरी दुई वा दुई भन्दा बढी विद्यालय वा विद्यालयका तह वा कक्षा आपसमा गाभेर वा थपेर विद्यालयमा समायोजन एवम् एकीकरण वा स्थापना गर्ने कार्यलाई सम्झनु पर्छ ।

(य) "शाखा" भन्नाले धुनिवेशी नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ ।

(र) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ ।

(ल) "शिक्षा नियमावली" भन्नाले संघीय शिक्षा नियमावली २०५९ लाई सम्झनु पर्छ ।

(व) "शिक्षा समिति" भन्नाले धुनिवेशी नगरपालिकाको नगर शिक्षा ऐन बमोजिम गठित नगर शिक्षा समिति सम्झनु पर्छ ।

(श) "शैक्षिक सत्र" भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधिलाई सम्झनु पर्छ ।

(ष) "संघीय शिक्षा ऐन" भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐन सम्झनु पर्छ ।

(स) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झनु पर्छः

(१) दृष्टिविहिन, न्यून दृष्टियुक्त, बहिरा, सुस्तश्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङगता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिइने शिक्षा,

(२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि परेका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा ।

(ह) "सहजकर्ता" भन्नाले प्रारम्भिक बाल विकास केन्द्रका बालबालिकाको सिकाइ सहजीकरण गर्ने अध्यापक सम्झनु पर्छ ।

## परिच्छेद-२

## कार्यक्रम कार्यान्वयनका लागि संस्थागत व्यवस्था

३. **विद्यालयः** (१) विद्यालयले चाहेमा विद्यालयको समायोजन तथा एकीकरण वा तह वा कक्षा घटाउने वा बढाउने सम्बन्धमा सामान्यतयाः अभिभावकसहितको आम भेला गर्ने, विद्यालयको स्रोत साधनको अभिलेख तयार गर्ने, विद्यालय व्यवस्थापन समितिको बैठक गर्ने, विद्यालय समायोजन वा कक्षा वा तह थप वा घट गर्न विद्यालय व्यवस्थापन समितिको निर्णयसहित शिक्षा शाखामा निवेदन पेश गर्ने, शिक्षक कर्मचारी तथा विद्यार्थीको व्यवस्थापन गर्ने, विद्यालयको सम्पत्तिको हस्तान्तरण वा दाखिला गर्ने आदि कार्य गर्न सक्नेछन् ।

४. **शिक्षा, युवा तथा खेलकुद शाखाः** (१) शाखाले नगर कार्यपालिका र नगर शिक्षा समितिको नीति तथा निर्णयको कार्यान्वयन गर्ने, विद्यालयहरुलाई सहजीकरण गर्ने, सम्बन्धित व्यक्ति र निकायसँग आवश्यक समन्वय र सहकार्य गर्ने, कार्यक्रम स्वीकृतिका लागि पेश गर्ने, प्रगति प्रतिवेदन गर्ने तथा निर्देशन बमोजिम आवश्यक अन्य कार्य गर्नेछ । दफा ३. को उपदफा (१) बमोजिम विद्यालयले कार्यक्रम नगरेमा उक्त कार्यक्रम नगर शिक्षा समितिबाट सम्पन्न गर्न पेश गर्नेछ ।

५. **नगर शिक्षा समितिः** (१) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि नगरपालिकाको नगर शिक्षा समितिले आफैले वा समिति/कार्यदल/ टोली बनाई समग्र पक्षको अध्ययन गर्नेछ । साथै, शिक्षा समितिले निम्न कुरामा मार्ग निर्देशन र निर्णय गर्नेछः

(क) समायोजन तथा एकीकरण र कक्षा वा तह थप वा घट हुने विद्यालय पहिचान
(ख) कार्यक्रम कार्यान्वयनको विधि र प्रक्रिया निर्धारण गरी कार्यक्रम कार्यान्वयन
(ग) बन्द हुने कक्षा वा तह वा विद्यालयको सम्पत्तिको उपयोग तथा व्यवस्थापन
(घ) शिक्षक तथा विद्यार्थीको व्यवस्थापन
(ङ) एकीकरण वा गाभ्ने विद्यालयको पूर्वाधार विस्तार
(च) संघीय, प्रदेश सरकार र अन्य निकायसँग समन्वय
(छ) कार्यक्रम कार्यान्वयनसम्बन्धमा शिक्षा, युवा तथा खेलकुद शाखालाई आवश्यक निर्देशन
(ज) कार्यक्रमको अनुगमन तथा प्रगति समीक्षा आदि ।

६. **नगरकार्यपालिकाः** (१) नगरकार्यपालिकाले शिक्षा समितिबाट पेश भएको प्रस्तावमा शिक्षा समिति र सम्बन्धित व्यक्ति तथा निकायलाई आवश्यक निर्देशन दिने र कार्यक्रम प्रभावकारी कार्यान्वयनका लागि मार्ग निर्देशन गर्नेछ ।

७. **शिक्षा विकास तथा समन्वय इकाइः** (१) शिक्षा विकास तथा समन्वय इकाइले समायोजन तथा एकीकरणमा परेका विद्यालयहरुका शिक्षकहरुको पदस्थापना तथा व्यवस्थापनमा सहजीकरण गर्ने, कार्यक्रम तथा बजेट, प्रगति प्रतिवेदन केन्द्रमा पेश गर्ने, कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहलाई सहजीकरण गर्ने कार्य गर्नेछ ।

८. **शिक्षा तथा मानव स्रोत विकास केन्द्रः** (१) केन्द्रले विद्यालयहरुको समायोजन एकीकरण कक्षा वा तह थप वा घट गर्ने कार्यविधि निर्धारण, कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहलाई सहजीकरण, स्थानीय तहमा समायोजन हुने र भएका विद्यालयहरुको सञ्चालनका लागि आवश्यक शिक्षक दरबन्दी, कार्यक्रम तथा बजेट हस्तान्तरणका लागि मन्त्रालयमा पेश र कार्यक्रमको निरीक्षण तथा अनुगमन गर्नेछ ।

९. **प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयः** (१) बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयले कार्यक्रम कार्यान्वयनका समन्वय र सहजीकरण, अनुगमन, समायोजन भएका विद्यालयको भौतिक पूर्वाधार र शैक्षिक स्तर वृद्धिका लागि सहयोग गर्नेछ ।

१०. **शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः** (१) स्थानीय तहलाई मार्ग दर्शन र सहजीकरण गर्ने, समायोजन भएका विद्यालयहरुको लागि शिक्षक दरबन्दी, कार्यक्रम तथा बजेट उपलब्ध गराउने, प्रदेश तथा स्थानीय तहको क्षमता विकास गराउने आदि कार्य गर्नेछ ।

## परिच्छेद -३

## शिक्षक दरबन्दी मिलान सम्बन्धी व्यवस्था

११. **शिक्षक दरबन्दी मिलानका आधार :** (१) नगरपालिकाभित्रका सामुदायिक विद्यालयको शिक्षक दरबन्दी मिलान देहायको आधारमा गरिनेछ :

(क) शिक्षा नियमावलीले कायम गरेको विद्यार्थी शिक्षक अनुपात र सो नियमावलीको अनुसूची १२ मा उल्लेख भएको विद्यालयमा रहनु पर्ने दरबन्दी कायम हुने गरी शैक्षिक तथ्याङ्क व्यवस्थापन प्रणालीमा प्रविष्ट गरिएको वा वार्षिक परीक्षामा सम्मिलित हुने विद्यार्थी तथा अनुगमन समितिले स्थलगत अनुगमन गरी ल्याएको विद्यार्थी विवरण ।

(ख) विद्यालय रहेको भौगोलिक विकटताको अवस्था, एक विद्यालयदेखि अर्को विद्यालयसम्मको दुरी, विद्यार्थी संख्या र शिक्षक संख्या ।

(ग) दरबन्दी मिलान तथा पुनर्वितरणका लागि शिक्षक परिचालन गर्दा नगर शिक्षा समितिको निर्णय गराई शिक्षकलाई विद्यालय छनोट गर्न सूचना प्रकाशित गरिने छ । सूचनाबमोजिम शिक्षकले स्वतस्फूर्त पायक पर्ने विद्यालयहरु छनोट गरी शाखामा निवेदन दिएमा उक्त कुरालाई मनन गरी शिक्षक नियुक्तिको मितिको आधारमा, कनिष्टताको आधारमा नगरपालिका भित्रका सकभर पायक पर्ने र पायक पर्न सम्भव नभए जहाँसुकै विद्यालयमा पदस्थापना तथा सरुवा गरिने छ ।

(घ) यदि कुनै विद्यालयमा माथिल्लो तहका दरबन्दी अपुग भएको अवस्थामा योग्यता पुगेका तल्लो तहका शिक्षकलाई त्यस्तो विद्यालयमा पठाई शिक्षण सिकाइमा सहयोग गर्न प्राथमिकता दिइनेछ ।

(ङ) शिक्षक दरबन्दी मिलान र पुनर्वितरण गर्दा सामाजिक न्याय, सामानुपातिक वितरण, भौगोलिक विषमतालाई ध्यान दिदै गुणस्तरीय शिक्षा प्रवर्द्धनमा जोड दिइने छ ।

(च) उपरोक्त बुँदाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि नगरपालिका भित्रका सामुदायिक विद्यालयमा दरबन्दी मिलान तथा समायोजन गर्नु पर्दा दरबन्दी मिलानमा परेका शिक्षकले नगरपालिकाका जुनसुकै विद्यालयमा गएर शिक्षण गर्नु पर्नेछ।

(छ) शिक्षक सरुवासम्बन्धी व्यवस्था सामान्यतया नगर शिक्षा ऐन, २०८० बमोजिम हुनेछ ।

(२) विद्यालयगत एवम् तहगत रुपमा आवश्यक शिक्षक व्यवस्था गर्दा लिइने आधारहरु निम्न अनुसार हुनेछः

(क) आधारभूत तह कक्षा १-३ सम्म सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमा :

१. विद्यार्थी संख्या ३० जना सम्म भएमा कम्तिमा २ शिक्षक दरबन्दी कायम गर्ने ।

२. विद्यालयमा ३१ वा सो भन्दा बढी विद्यार्थी भएमा ३ दरबन्दी कायम गर्ने तर ७० जना विद्यार्थी नपुगेसम्म थप शिक्षक दरबन्दी कायम गरिने छैन ।

३. उपरोक्त बुँदामा जुनसुकै कुरा लेखिएको भएता पनि आधारभूत तह कक्षा १-३ सम्म सञ्चालन भएको विद्यालयमा कम्तिमा एक बालकक्षा र २ जना शिक्षक उपलब्ध गराइनेछ ।

४. बाल कक्षा मात्र सञ्चालित विद्यालयमा कम्तिमा एकजना बाल विकास सहजकर्ता रहनेछ । बाल विकास केन्द्रमा विद्यार्थी संख्या २० भन्दा बढी भएमा विद्यार्थी संख्याको अनुपातमा बाल कक्षा सहजकर्ता थप गरिने छ ।

(ख) आधारभूत तह (कक्षा १-५) सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमाः

१. विद्यार्थी संख्या ५० जनासम्म भएमा कम्तिमा ३ जना शिक्षक दरबन्दी कायम गर्ने ।

२. विद्यालयमा विद्यार्थी संख्या ५१ देखि ९० जना सम्म भएमा ४ जना सम्म शिक्षक दरबन्दी कायम गर्ने।

३. विद्यार्थी संख्या ९१ जना वा सो भन्दा बढी भएमा प्रत्येक ३० जना विद्यार्थी थप हुँदा एक जना शिक्षक दरबन्दी थप कायम गर्ने ।

(ग) आधारभूत तह कक्षा ६-८ सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमाः

१. कक्षा १-८ सञ्चालनमा भएका विद्यालयमा कक्षा ६-८ का लागि विद्यार्थी संख्या न्यूनतम ३० जना र बढीमा ९० जनासम्म भएमा ४ जना शिक्षक दरबन्दी कायम गर्ने ।

२. विद्यार्थी संख्या ९१ जना वा सो भन्दा बढी भएमा प्रत्येक ३० जना विद्यार्थी थप हुँदा एक जना शिक्षक दरबन्दी थप कायम गर्ने ।

३. विद्यार्थी संख्या न्यून भएको अवस्थामा विद्यालयको तह घटाउदा विद्यालयमा कायम रहेका शिक्षक दरबन्दी विद्यार्थी संख्या बढी भएको विद्यालयमा समायोजन गरिनेछ ।

(घ) माध्यमिक तह कक्षा (९-१०) सञ्चालन भएको सामुदायिक विद्यालयको सम्बन्धमाः

१. कक्षा ९ र १० सञ्चालित विद्यालयमा न्यूनतम २० जना विद्यार्थी भएमा विषयगत पठनपाठनलाई सम्बोधन गर्न न्यूनतम पाँच शिक्षक दरबन्दी कायम गर्ने ।

(ङ) माध्यमिक तह (९-१२) सञ्चालन भएको सामुदायिक विद्यालयको सम्बन्धमाः

१. कक्षा ९ देखि १२ सञ्चालित विद्यालयमा न्यूनतम ४० जना विद्यार्थी भएमा विषयगत पठनपाठनलाई सम्बोधन गर्न न्यूनतम सात शिक्षक दरबन्दी कायम गर्ने ।

२. प्रति कक्षा ४५ जना भन्दा बढी विद्यार्थी भएमा विद्यार्थी शिक्षक अनुपातको आधारमा शिक्षक दरबन्दी मिलान गरिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रधानाध्यापक बाहेक कम्तिमा एउटा कक्षा बराबर एक जना शिक्षक हुने गरी नगरपालिकाले शिक्षक दरबन्दी व्यवस्था गर्न सक्नेछ ।

## परिच्छेद-४

## विद्यालय समायोजन एवम् एकीकरण तथा तह वा कक्षा थप वा घटका आधारहरु

१२. **विद्यालय समायोजन एवम् एकीकरणका आधारहरुः** नगरपालिकाभित्र सञ्चालित विद्यालयहरुमा निम्न अवस्था भएमा दुई वा दुईभन्दा बढी विद्यालयहरुलाई एकआपसमा गाभ्ने, वा कुनै विद्यालयको एक वा बढी कक्षा र कुनै तह घटाई वा बढाई अर्को कुनै उपयुक्त विद्यालयमा समायोजन गरिनेछः

(१) विद्यालय आवतजावत गर्न लाग्ने समयः विद्यालयहरुबीचको दूरी ५ कि. मी. भन्दा कम भएको वा सडक यातायातको पहुँच भई स्कूल बसको प्रयोग गर्न सकिने र एकतर्फी आधा घण्टाभन्दा कम समय लाग्ने । पैदलबाट कक्षा १-५ का लागि सरदर आधा घण्टा, कक्षा ६-

८ का लागि पौने घण्टा र माध्यमिकका लागि सरदर एक घण्टा भन्दा बढी समय नलाग्ने विद्यालय।

(२) विद्यार्थी संख्याः तिनवर्षको औषत विद्यार्थी संख्या प्रति कक्षा १० जना भन्दा कम भएको विद्यालय तथा कक्षा।

(३) जनसंख्याः विद्यालय रहेको समुदायको घरधुरी संख्या कम भएको र जनसंख्या वृद्धिदर न्यून भएको समुदायमा अवस्थित विद्यालय रहेको ।

(४) विद्यालयको स्तरवृद्धिः विद्यालयको स्तर वृद्धिका लागि समुदायको सहयोग प्राप्त हुन नसकेको विद्यालय रहेको ।

(५) ठूला विद्यालय (कम्तिमा एक हजार विद्यार्थी संख्या भएको) सञ्चालन गर्नः नगरपालिकाभित्र गुणस्तर र मितव्ययीताका कारण ठूला सार्वजनिक माध्यमिक विद्यालय सञ्चालन गर्न आवश्यक भएको ।

(६) आवासीय विद्यालय सञ्चालनः विकट र विद्यालयको पहुँचभन्दा टाढा रहेका विद्यार्थीलाई उनीहरुको पायक पर्ने स्थानमा आवासीय विद्यालय सञ्चालन गर्न आवश्यक भएको ।

(७) नमूना विद्यालय विकासः नगरपालिकाको कुनै विद्यालयलाई उत्कृष्ट विद्यालयको रुपमा नमूना विकास गर्ने योजना रहेको ।

१३. **समायोजन एवम् एकीकरण भएको विद्यालयका आधारभूत पूर्वाधारसम्बन्धी व्यवस्थाः** (१) दुई वा दुईभन्दा बढी विद्यालयहरु एकीकरण भएको वा कक्षा वा तह समायोजन भई बनेको विद्यालयमा र कक्षा वा तह थप तथा घटुवा भई कायम रहेको विद्यालयमा निम्नानुसार आधारभूत पूर्वाधार भएको हुनु पर्नेछः

(क) कक्षाकोठा नौ फिट उचाइ, हावा र प्रकाश व्यवस्था

(ख) कक्षाकोठाको प्रति विद्यार्थी १:०० वर्ग मी. क्षेत्रफल

(ग) विद्यार्थीको संख्या र उमेर अनुसार साइज मिलेका फर्निचर

(घ) शुद्ध पिउने पानी र सरसफाइलाई पर्याप्त हुने पानी व्यवस्था

(ङ) छात्र र छात्रालाई सहज हुने अलग अलग शौचालय

(च) गणितीय लगायत पर्याप्त सिकाइ सामग्री

(छ) सम्पूर्ण विद्यार्थी एकैसाथ उभिन सक्ने कम्पाउण्ड

(ज) भलिवल खेल्न मिल्ने खेल मैदानसहित खेल सामग्री
(झ) विज्ञान प्रयोगशाला र उपयुक्त विज्ञान सामग्री
(ञ) विषयगत र तहगत शिक्षक व्यवस्था
(ट) प्राथमिक स्वास्थ्य उपचार सामग्री
(ठ) कम्तिमा एउटा अपाङ्ग मैत्री कक्षाकोठा
(ड) विद्यालयको आफ्नै नाममा वा भोगाधिकार प्राप्त जग्गा
(ढ) प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन
(ण) एक विद्यार्थी बराबर कम्तिमा दुई पुस्तकका दरले पुस्तकालय
(त) आवासीय विद्यार्थीका लागि आवासीय भवन र भान्साकोठा आदिको उचित प्रबन्ध भएको
(थ) कक्षागत शिक्षक संख्या नपुगेको अवस्थामा बहुवर्ग शिक्षण व्यवस्था।

## परिच्छेद- ५
## शिक्षक दरबन्दी व्यवस्थापन

१४. **दरबन्दी मिलान तथा विद्यालय समायोजन पछि शिक्षक दरबन्दी व्यवस्थापन सम्बन्धमाः** (१) विद्यालय समायोजन तथा दरबन्दी मिलान गर्दा बढी हुन आउने शिक्षक अनुदान कोटा तथा शिक्षक दरबन्दीलाई नगर शिक्षा समितिले नगरपालिकाको पुल दरबन्दीमा राखी शिक्षक विद्यार्थी अनुपातका आधारमा विद्यालयमा खटाउँदा सबैभन्दा बढी विद्यार्थी भएका जेष्ठ विद्यालयलाई प्राथमिकता दिई शिक्षक कम भएका विद्यालयहरूमा खटाउने छ ।

(२) शिक्षक दरबन्दी पुनर्वितरणको कार्य गर्दा स्वेच्छिक रूपमा जान चाहने शिक्षकका लागि निवेदन आह्वान गरी प्राप्त निवेदनको छानबिन गरी उपयुक्ततासमेत हेरी स्थानान्तरण गर्ने तर त्यसरी शिक्षकको स्थानान्तरण गर्दा महिला, दीर्घ रोग लागेर मेडिकल बोर्डको सिफारिस भएका तथा अपाङ्गता भएका शिक्षकहरूलाई यथाशक्य घरपायक पर्ने गरी स्थानान्तरण गरिनेछ ।

(३) शिक्षक दरबन्दी कटौती गर्दा सबैभन्दा पहिले कनिष्टतमका आधारमा क्रमशः करार, राहत र स्थायी पदमा रहेका कनिष्टतम शिक्षक दरबन्दी कटौती गरी मिलान गरिने छ ।

(४) नगर शिक्षा समितिको निर्णयानुसार विद्यालयको आवश्यकता, शिक्षक दरबन्दीको संख्या, विषय र विद्यार्थी सङ्ख्या हेरी विद्यालयमा खटाउने र स्नातकोत्तर उत्तीर्ण शिक्षकलाई सकेसम्म माध्यमिक विद्यालयमा पठाउने व्यवस्था गरिने छ।

(५) दरबन्दी मिलान तथा समायोजन कार्य गर्दा आधारभूत तह कक्षा १–५ मा अधिक हुन आउने शिक्षक दरबन्दीलाई शैक्षिक योग्यता र विषयअनुसार सोही विद्यालयको आधारभूत तह तथा माध्यमिक तहमा गणना गरी समायोजन गरिने छ ।

(६) कुनै विद्यालयको आधारभूत तहमा बढी हुन आएका शिक्षक दरबन्दी, दरबन्दी अपुग भएका अन्य विद्यालयहरूमा आवश्यकताअनुसार समायोजन गरिने छ ।

(७) विद्यालयमा शिक्षक दरबन्दी वितरण गर्दा विद्यार्थी सङ्ख्याको आधारमा वितरण गरिने छ र आवश्यकताअनुसार नगरपालिकाभित्र जुनसुकै विद्यालय गएर पनि शिक्षण गर्नु पर्नेछ ।

## परिच्छेद-६

## समायोजन भएपछि बन्ने विद्यालयको व्यवस्थापन

१५. **विद्यालय व्यवस्थापन समितिः** दुई वा दुईभन्दा बढी विद्यालयहरू समायोजन भई एउटै विद्यालयमा गाभिन गएको अवस्थामा समायोजन भए पछि बन्ने विद्यालयको साविकको विद्यालय व्यवस्थापन समितिले नै कायम रहनेछ ।

१६. **प्रधानाध्यापकः** दुई वा दुईभन्दा बढी विद्यालयहरू समायोजन भई एउटै विद्यालयमा कायम हुन गएको अवस्थामा समायोजन अघि बनेको विद्यालयको प्रधानाध्यापकले नै प्रधानाध्यापकको जिम्मेवारी निरन्तर रूपमा बहन गर्ने छ ।

१७. **विद्यालयको नामाकरणः** (१) विद्यालय समायोजन भएकै कारण समायोजन पछि बन्ने विद्यालयको साविकको नाम परिवर्तन हुने छैन ।

(२) समायोजन भई बन्न जाने विद्यालय व्यवस्थापन समितिले विद्यालयको नाम परिवर्तन गर्न चाहेमा प्रचलित कानुनी व्यवस्थाबमोजिम विद्यालयको नाम परिवर्तन गर्न सक्नेछ ।

## परिच्छेद-७

## विविध

१८. **कार्यविधि संसोधनः** यस कार्यविधिलाई आवश्यकता र औचित्यका आधारमा नगर कार्यपालिकाले संसोधन गर्न सक्ने छ ।

१९. **शिक्षक दरबन्दि मिलान र विद्यालय समायोजनको अवधिः** दरबन्दी मिलान तथा विद्यालय समायोजन कार्य प्रत्येक वर्ष आवश्यकताका आधारमा शैक्षिक सत्रको अन्त्यमा गरिने छ ।

२०. **बचाउः** यो कार्यविधि प्रारम्भ हुनु अघि भएका यीसम्बन्धी कार्यहरू यस कार्यविधि अनुसार भएको मानिनेछ ।

२१. **बाझिएमा अमान्य हुनेः** यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।